# चिङ्गाड गाउँपालिका

# स्थानीय राजपत्र


| खण्डः ४ | सख्याः १ | मितिः २०८० /०३/१० |
|---|---|---|


## मदिरा नियन्त्रण, निषेधित तथा व्यवस्थापन सम्वन्धी ऐन, २०८०

**प्रस्तावना :**

सर्वसाधारण जनताको सदाचार, स्वास्थ्य, सुविधा, आर्थिक हित तथा अपराधिक घटनाहरूलाई नियन्त्रण गर्नको लागि मदिरा तथा मदिराजन्य वस्तुको उत्पादन, बिक्री वितरण, निकासी र पैठारी समेतमा नियन्त्रण तथा व्यवस्थापन गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (४) खण्ड (ख) (१३) र दफा १०२ बमोजिम चिङ्गाड गाउँपालिकाको गाउँसभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस ऐन को नाम "मदिरा नियन्त्रण, निषेधित तथा व्यवस्थापन ऐन, २०८०" रहेको छ ।

(२) यो ऐन गाउँपालिका भर लागू हुनेछ ।

(३) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐन,

(क) **"मदिरा"** भन्नाले अन्न, फलफूल वा अन्य कुनै स्टार्चयुक्त वस्तुलाई जीव रासायनिक प्रक्रियाद्वारा कुहाई वा अन्य कुनै तरीकाबाट तयार पारिएको अल्कोहलयुक्त पदार्थ सम्झनु पर्दछ र सो शब्दले रक्सी, जाँड, छ्याङ, ह्विस्की, रम, जीन, ब्राण्डी, भोड्का, बियर, वाइन, सेरी, सेम्पेन, साइडर, पेरी, मिड, माल्टन, औद्योगिक अल्कोहल, रेक्टिफाइड स्प्रिट, माल्ट स्प्रिट, साइलेण्ट स्प्रिट, डिनेचर्ड स्प्रिट र हेड्स स्प्रिट समेतलाई जनाउँछ ।

(ख) **"उत्पादन"** भन्नाले मदिरा तयार गर्नका लागि आवश्यक पदार्थ कुहाउने, तताउने, पकाउने वा त्यस्तो पदार्थमा बास्ना वा स्वाद आउने गरी कुनै कुराको सम्मिश्रण गर्ने वा मदिरा तयार गर्नको लागि अपनाइने सबै वा कुनै विधि वा कार्य सम्झनु पर्छ ।

(ग) **"अनुमतिपत्र"** भन्नाले प्रचलीत कानून बमोजिम मदिरा उत्पादन, बिक्री वितरण निकासी वा पैठारी गर्न दिइएको अनुमतिपत्र सम्झनु पर्छ ।

(घ) **"तोकिएको" वा "तोकिए बमोजिम"** भन्नाले यस ऐन अन्तर्गत बनेका नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(ङ) **"गाउँपालिका"** भन्नाले चिङ्गाड गाउँपालिकालाई सम्झनुपर्छ ।

(च) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले चिङ्गाड गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ ।

(छ) "सार्वजनिक स्थान" भन्नाले धारा, चौतारा, कुवा, पोखरी, शैक्षिक संस्था, कलकारखाना, सवारी साधन, सभा सम्मेलन,

मठ मन्दिर, रंगशाला, सरकारी तथा गैर सरकारी कार्यालयहरू, पार्क, शवदाह स्थल सम्झनु पर्छ ।

३. **मदिराको उत्पादनमा नियन्त्रणः** कुनै व्यक्तिले अनुमतिपत्र बेगर र अनुमतिपत्र पाएकोले पनि अनुमतिपत्रमा तोकिएको शर्त बमोजिम बाहेक पालिकाभित्र मदिराको उत्पादन गर्न पाउने छैन ।

४. **मदिराको बिक्री वितरणमा नियन्त्रण :** (१) कुनै व्यक्तिले अनुमतिपत्र बेगर र अनुमतिपत्र पाएकोले पनि अनुमतिपत्रमा तोकिएको शर्त बमोजिम बाहेक र पालिका भित्र मदिरा बिक्री, वितरण गर्न वा मदिरा खुवाउने बार वा रेष्टुरेण्ट वा पसल स्थापना गर्न पाउने छैन ।

(२) मदिरा विक्रि वितरण भैरहेको टोलका ९० प्रतिशत भन्दा बढी घरपरिवारहरूले उक्त टोलमा मदिरा पसल राख्न नदिने निर्णय गरी टोल विकास समिति र वडा कार्यालयको सिफारिस सहित लिखित रुपमा पालिकामा निवेदन दिएमा सो टोलमा संचालन भएको मदिरा पसल बन्द गर्न सकिनेछ ।

(३) प्रचलित कानून बमोजिम अनुमतिपत्र लिएको भएतापनि सर्वसाधारण जनताको सदाचार, स्वास्थ्य, सुविधा, आर्थिक हित, पारिवारिक वा सामाजिक कलह तथा अपराधिक घटनाहरूलाई नियन्त्रण गर्न गाउँपालिकाले मदिरा प्रयोगलाई व्यवस्थित र प्रभावकारी वनाउन गाउँपालिका भित्रको केही स्थानहरूमा मदिरा निषेध गर्न सक्नेछ ।

५. **मदिराको उत्पादन तथा बिक्री वितरणमा बन्देजः** (१) कसैले पनि प्लाष्टिकको पोका (पाउच) मा मदिरा राखी मदिराको उत्पादन तथा बिक्री वितरण गर्न पाइने छैन ।

(२) गाउँपालिकाभित्र मदिरा विक्रि वितरण गर्दा गाउँपालिकाले निषेध गरेको स्थानमा विक्रि विरतण गर्न पाइने छैन ।

(३) कसैले पनि पच्चीस वर्षको उमेर पूरा नगरेको व्यक्तिलाई मदिरा बिक्री वितरण ओसारपसार गर्न गराउन पाइने छैन ।

(४) पच्चीस वर्षको उमेर पूरा नगरेको व्यक्तिले मदिराबिक्री वितरण गर्न पाइने छैन ।

(५) चिङ्गाड गाउँपालिकाको ६ वटै वडाको भौगोलिक क्षेत्र भित्र रहेका सार्वजनीक कार्यालयको चारैतर्फ ३०० मीटर दुरी भित्रको क्षेत्रमा मदिरा उत्पादन, संकलन, भण्डारण तथा विक्रीवितरण गर्न पाइनेछैन ।

(६) सोपी, लिचि लगायतका कमसल खालका मदिरा बिक्रिवितरण गर्न पाइने छैन ।

६. **मदिराको निकासी पैठारीमा नियन्त्रण :** कुनै व्यक्तिले अनुमतिपत्र बेगर र अनुमतिपत्र पाएकोले पनि अनुमतिपत्रमा तोकिएको शर्त बमोजिम बाहेक पालिकाभित्र मदिराको निकासी वा पैठारी गर्न पाउने छैन ।

७. **शर्तहरू पालना गर्नु पर्ने :**

(१) पालिका भित्र अनुमतिपत्र लिई मदिराको विक्रि वितरण गरिरहेका व्यक्तिहरूले देहायका शर्तहरू पालना गर्नु पर्नेछ :

क. अनुमतिपत्र प्रत्येक आर्थिक वर्षको असार महिनाभित्र नवीकरण गराइसकेको हुनुपर्नेछ ।

ख. अनुमतिपत्र सबैले देख्ने गरी कारोवार स्थलमा राख्नु पर्नेछ ।

ग. डिपार्टमेण्टल स्टोरले मदिराजन्य पदार्थ बिक्री गर्ने प्रयोजनको लागि अलग्गै विक्री कक्षको व्यवस्था गर्नु पर्नेछ ।

घ. प्रत्येक वोतलमा विर्को र बोतलमा पर्ने गरी अन्तःशुल्क स्टिकर/टिकट टांसी निकासी गर्नु पर्नेछ ।

ङ. गाउँपालिकाले मदिरा उपभोग गर्न निषेध गरेको स्थान वाहेकका स्थानमा सांझ ५:०० बजेदेखि राती ८:०० बजेसम्म मदिरा बिक्री वितरण तथा सेवन गराउनु पर्नेछ ।

च. मदिरा खरीद कर्ताहरूको अनिवार्य रुपमा तीन पुस्ते व्यक्तिगत विवरण भरी पसलमा रेकर्ड राख्नु पर्नेछ । (व्यक्तिगत विवरणको ढांचा अनुसूची १ मा उल्लेखछ)

छ. मदिरा खरिद बिक्री गर्नेले मदिरा खरिद बिक्री गरेको विजक राख्नु पर्नेछ ।

ज. अनुमतिपत्रवालाले प्रत्येक वोतलमा अन्तःशुल्क स्टिकर/टिकट टांसेको मदिरा मात्र बिक्री गर्नु पर्नेछ ।

झ. अन्तःशुल्क ऐन, २०५८ तथा यस चिङ्गाड गाउँपालिकाको मदिरा ऐन, २०८० र सो अन्तर्गत बनेका नियम, विनियम कार्यविधि, मापदण्ड तथा ऐनमा उल्लेखित प्रावधानहरूको पालना गर्नु पर्नेछ ।

ञ. गाउँपालिकाभित्र कुनै पनि मदिरा आयात गर्दा गाउँपालिकाले तोकेको स्थानमा कानून बमोजिमको स्वास्थ्य सेवा शुल्क वापतको रकम दाखिला गर्नु पर्नेछ ।

ट. व्यवसायमा गरेको लगानी, भौगोलिक अवस्थिति आदिका आधारमा मदिरा व्यवसायको वर्गिकरण गाउँपालिकाले गर्न सक्नेछ ।

ठ. कुनै पनि प्रकारको मदिरा जन्य पदार्थको प्रचार सामग्री राख्न पाइने छैन ।

ड. मदिरा पसलवाट उत्पादित सिसाजन्य तथा अन्य फोहरहरूको उचित व्यवस्थापन स्वयं मदिरा व्यवसायीले गर्नु पर्नेछ ।

ढ. गाउँपालिकाले मदिरा उपभोक्तालाई उपभोग लाइसेन्स र मदिरा उत्पादन तथा विक्रि जोन निर्धारण गर्न सक्नेछ ।

(२) मदिरा उपभोक्ताहरूले देहायका शर्तहरू पालना गर्नु पर्नेछ :

(क) मदिरा उपभोग गर्ने व्यक्ति २५ वर्ष पुरा गरेको हुनु पर्नेछ ।

(ख) सांझ ५:00 वजे देखी साँझ ८:00 वजे सम्म गाउँपालिकाले तोकेको स्थान र परिमाणमा मात्र मदिरा उपभोग गर्नुपर्नेछ ।

(ग) मदिरा उपभोगकर्ताले मदिरा खरीद तथा पैठारी गर्दा अनिवार्य रुपमा व्यक्तिगत विवरण पेश गर्नु पर्नेछ ।

(घ) मदिरा उपभोग कर्ताले मदिरा खरीद गर्ने पसलमा आफ्नो तीन पुस्ते विवरण अनिवार्य रुपमा खुलाउनु पर्नेछ ।

(ङ) मदिरा उपभोग गरी सार्वजनीक स्थानमा होहल्ला तथा शान्ति सुरक्षामा वाधा अवरोध गर्न र अमर्यादित तरिकाले घुमफिर गर्न पाइनेछैन ।

(च) मदिरा सेवन गरी परिवारका सदस्यहरू तथा अन्य व्यक्तिलाई दु:ख दिने, अर्काको भावनामा चोट पुऱ्याउने काम गर्नु हुंदैन ।

(छ) मदिरा उपभोग कर्ताले दैनिक १८० मिलिलिटर सम्म मात्र मदिरा विक्रिवितरण गर्ने पसलवाट खरीद/उपभोग गर्न पाउनेछ ।

(ज) मदिरा उपभोग कर्ताले आफूले उपभोग गरेको सिसाको वोतलहरू जथाभावी फ्याक्न पाइने छैन ।

८. **अनुमति पत्रको प्राप्ती, अवधि र नवीकरण :** अनुमति पत्रको प्राप्ती, अवधि र नवीकरण सम्बन्धी व्यवस्था प्रचलीत कानूनमा तोकिए बमोजिम हुनेछ । अनुमति पत्रको प्राप्ती र नविकरण गर्दा गाउँपालिकाको सिफारिस अनिवार्य रुपमा लिनुपर्नेछ ।

९. **अनुमति पत्र रद्द गर्न सिफारिस गर्न सक्ने :** प्रचलित कानूनमा तोकिएको अधिकारी वा निकाय समक्ष प्रचलित कानून बमोजिम दिइएको अनुमतिपत्र देहायको अवस्थामा रद्द गर्न सिफारिस गरी गाउँपालिकाले मदिरा विक्रि वितरण गर्न बन्देज लगाउन सक्नेछ ।

(क) अनुमतिपत्र नवीकरण नगरी व्यवसाय गरेमा,

(ख) अनुमतिपत्रमा तोकिएका शर्त उल्लङ्घन गरेमा,

(ग) दफा ५ र ७ विपरीत काम गरेमा ।

१०. **लागू नहुने अवस्था :** यस ऐनका अन्य दफाहरूमा जुनसुकै कुरा लेखिएको भए तापनि कूल धर्म पम्परा अनुसार निजी उपयोगको निमित्त देहायको परिमाणमा रक्सी वा जाँड बनाउन दफा ३ बमोजिम अनुमतिपत्र लिनु पर्ने छैनः

(१) कुनै व्यक्तिले निजी उपयोगका लागि एकपटकमा पांच लिटर सम्म रक्सी र दश लिटर सम्म जाँड वनाउन सक्नेछ, तर, यसरी रक्सी र जाँड वर्षको ३ पटक भन्दा बढी बनाउन पाइने छैन ।

(२) यसरी विशेष प्रयोजनको लागि रक्सी र जाँड बनाउने व्यक्तिले गाउँपालिकाको वडा कार्यालयवाट अनुमति लिनु पर्नेछ ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि घरमा निजी प्रयोजनको लागि वनाईएको जाँड रक्सी कसैले पनि निकासी वा पैठारी गरी बिक्री वितरण गर्न पाइने छैन ।

**११. गाउँपालिकालाई तिर्न पर्ने रकम सरकारी बाँकी सरह असूल गर्ने :** यो ऐन बमोजिम कुनै व्यक्तिले गाउँपालिकालाई बुझाउनु पर्ने रकम नबुझाई बाँकी राखेमा त्यस्तो रकम निजबाट प्रमुख प्रशाकीय अधिकृतले सरकारी बाँकी सरह असुल उपर गर्नेछ ।

**१२. खानतलासी, कव्जा र पक्राउ गर्न सक्ने :** (१) गाउँपालिकाको कुनै पनि स्थानमा यस ऐन बमोजिम सजाय हुने कसुर भएकोछ भन्ने मनासिव माफिको कारण भएमा गाउँपालिकाबाट खटि जाने अधिकृतले त्यस्तो स्थानको खान तलासी गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम खानतलासी गर्दा गाउँपालिकाबाट खटि जाने अधिकृतले खानतलासी गर्नु पर्ने कारण खोली खानतलासी गर्ने स्थानको धनी वा तत्काल सो स्थान प्रयोग गरिरहेको व्यक्तिलाई सो स्थान प्रवेश गर्नु भन्दा अगावै सूचना दिएर मात्र खानतलासी गर्नुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम खानतलासी गर्दा यस ऐन बमोजिम सजाय हुने कसुर भएको विश्वसनीय कारण देखिएमा त्यस्तो कसूरसंग सम्वन्धित वस्तु तथा सामानहरू कव्जामा लिन सकिनेछ ।

(४) कुनै व्यक्तिले यस ऐन बमोजिम सजाय हुने कसूर गरेको वा गर्न लागेको पाइएमा र निजलाई पक्राउ नगरेमा निज भागि उम्की जाने सम्भावना छ भन्ने लागेमा गाउँपालिकाबाट खटि जाने अधिकृतले निजलाई पक्राउ गर्न सक्नेछ ।

(५) यस दफा बमोजिम खानतलासी, कब्जा वा पक्राउ गर्दा गाउँपालिकाबाट खटि जाने अधिकृतलाई प्रचलित कानून बमोजिम प्रहरीलाई भए सरहको अधिकार हुनेछ । ६) गाउँपालिकाबाट खटि जाने अधिकृतबाट खानतलासी, कव्जा वा पक्राउ गर्दा स्थानीय प्रतिनिधिहरूको रोहवरमा गर्नु पर्नेछ ।

**१३. पक्राउ र कव्जाको प्रतिवेदन दिनु पर्नेः** कसैलाई पक्राउ गरेको वा कुनै स्थानमा खानतलासी गरेको वा कुनै सामान कब्जा गरेको अवस्थामा गाउँपालिकाबाट खटिएको अधिकृतले सो कुराको प्रतिवेदन चौविस घण्टा भित्र आफुभन्दा एक तह माथिको अधिकारी समक्ष पेश गर्नु पर्नेछ ।

**१४. दण्ड सजाय :** (१) यस ऐन विपरीत काम गर्ने व्यक्तिलाई वढीमा एक लाख रुपैयाँसम्म जरिवानाको सजाय हुनेछ ।

(२) यस ऐन विपरीतको कुनै काम गर्न उद्योग गर्ने वा त्यस्तो काम गर्न दुरुत्साहन गर्ने वा सो काममा सहयोग गर्ने मतियारलाई पचास हजार रुपैयाँसम्म जरिवाना हुनेछ ।

(३) कुनै व्यक्तिले यस ऐनको दफा ५, ६ र ७ उपदफा (१) बमोजिम कसुर गर्ने गराउनेलाई पहिलो पटक रु १० हजार दोस्रो पटक रु. १५ हजार तेस्रो पटक रु. २० हजार सो भन्दा बढी दोहऱ्याएमा रु. २५ हजार सम्म जरिवाना हुनेछ ।

(४) कुनै व्यक्तिले यस ऐनको दफा ७ को उपदफा (२) बमोजिम कसुर गरेमा देहाय बमोजिम सजाय हुनेछ ।

(क) सर्वसाधारण व्यक्ति भएमा पहिलोपटक रु. ३ हजार, दोस्रो पटक रु.५ हजार, तेस्रो पटक भएमा रु.८ हजार र सो भन्दा बढि पटक दोह्रयाएमा रु. १२ हजारसम्म जरिवाना हुनेछ ।

(ख) सार्वजनिक पदधारण गरेको व्यक्ति भएमा पहिलोपटक रु. ५ हजार, दोस्रो पटक रु ८ हजार, तेस्रो पटक भएमा रु १२ हजार र सो भन्दा बढि पटक दोहऱ्याएमारु. १७ हजारसम्म जरिवाना हुनेछ ।

(ग) सर्वसाधारण वा सार्वजनिक पदधारण गरेको व्यक्तिले मदिरा सेवन गरी सार्वजनीक स्थलमा प्रवेश गरेमा पहिलोपटक रु. ५ हजार, दोस्रो पटक रु १० हजार, तेस्रो पटक भएमा रु १५ हजार र सो भन्दा बढि पटक दोहऱ्याएमा रु. २० हजारसम्म जरिवाना हुनेछ ।

(५) कुनै व्यक्ति माथि उल्लेखित जरिवाना वापतको रकम निर्त सक्ने हैसियत नभएमा गाउँपालिका वा गाउँपालिकाले तोकेको निकायले जरिवाना वापतको रकम वरावर जिल्लामा प्रचलित दररेट बमोजिम श्रम गराउनेछ ।

(६) पटक पटक मदिरा सेवन गर्ने व्यक्तिलाई नेपाल प्रहरी वा नगर प्रहरीले निजको व्यवहार परिवर्तनको लागि तारेखमा बोलाउन सक्नेछ ।

**१५. मदिरा तथा अन्य सामानको जफत र बिक्री :** (१) कुनै व्यक्तिले यस ऐन र प्रचलित कानून विपरीत मदिराको उत्पादन, बिक्री वितरण, निकासी वा पैठारी गरेमा सो कार्यसँग सम्बन्धित मदिरा गाउँपालिकाले जफत गर्नेछ ।

(२) दफा (१) बमोजिम जफत गरिएको मदिरामध्ये गुणस्तरयुक्त मदिरा तोकिए बमोजिम प्रमुख प्रशाकीय अधिकृतले लिलाम बिक्री गर्नु पर्नेछ ।

(३) यस ऐन र प्रचलित कानून विपरीत मदिराको कारोबार गर्न प्रयोग गरिएका सबै सामानहरू गाउँपालिकाले जफत गरी तोकिए बमोजिम लिलाम बिक्री गर्नेछ । तर सवारी साधनको हकमा सवारी धनीको मञ्जुरी रहेनछ भने त्यस्तो सवारी साधन जफत हुने छैन ।

**१६. पुरस्कारः** (१) कसैले यस ऐन विपरीत मदिरा उत्पादन, सञ्चय, बिक्री वितरण, ओसार पसार, निकासी वा पैठारी गर्न लागेको वा गरेको सुराक दिने वा सबुत प्रमाण सहित मानिस पक्री पेश गर्ने व्यक्तिलाई सो कार्य भए गरेको प्रमाणित हुन आएमा देहाय बमोजिमको रकम पुरस्कार स्वरुप दिइनेछ :-

(क) सुराक दिने व्यक्तिलाई बिगोको दश प्रतिशत,

(ख) मदिरा वा मानिस पक्री पेश गर्ने व्यक्तिलाई बिगोको बीस प्रतिशत,

(ग) मदिरा र मानिस दुवै पक्री पेश गर्ने व्यक्तिलाई बिगोको तीस प्रतिशत ।

(२) उपदफा (१) बमोजिम पुरस्कार दिने प्रयोजनको लागि मदिरा र सोसँग सम्बन्धित जफत भएको सामान लिलाम भएको अवस्थामा लिलामबाट प्राप्त रकमलाई बिगो मानिनेछ ।

(३) कुनै कारणले जफत भएको मदिरा वा सामान लिलाम हुन नसकेमा वा लिलाम नहुने भएमा गाउँपालिकाले त्यस्तो सुराक दिने वा सबुत प्रमाण सहित मानिस पक्री पेश गर्ने व्यक्तिलाई उचित ठहऱ्याएको रकम पुरस्कार स्वरुप दिन सक्नेछ ।

(४) स्थानीय स्तरमा उत्पादित मदिरा जफत भएमा जफत भएका परिमाणको आधारमा प्रचलीत स्थानीय चलन चल्ती अनुसार प्रति वोतलको आधारमा मुल्य निर्धारण गरी सो वरावर दश प्रतिशतले हुन आउने रकम पुरस्कार स्वरुप गाउँपालिकाले आन्तरीक कोषवाट सुराकी दिने व्यक्तिलाई उपलव्ध गराउनेछ ।

(५) यस दफा बमोजिम पुरस्कार पाउने व्यक्ति एक जनाभन्दा बढी भएमा पुरस्कारको रकम दामासाहीले वितरण गरिनेछ ।

(६) सुराक दिने व्यक्तिले आफ्नो नाम र ठेगाना गोप्य राख्न चाहेमा गोपनियता कायम गरिनेछ ।

(७) सुराकी दिने व्यक्तिले गलत नियतले अर्कालाई दुःख दिने हैरानी गर्ने वा बेइज्जती गर्न किसिमले सुचना दिने गर्नु गराउनु हुँदैन ।

१७. **सहयोग गर्नुपर्ने :** यस ऐन र प्रचलित कानून अन्तर्गत सजाय हुने कसूरको तहकिकातको सिलसिलामा न्यायिक समितिले सहयोग मागेमा आवश्यक सहयोग गर्नु सम्बन्धित व्यक्तिको कर्तव्य हुनेछ । कानून कार्यान्वयनको लागि गाउँपालिकाले मागेको सहयोग उपलव्ध गराउनु स्थानीय प्रशासन, सरोकारवाला तथा अन्य निकायको कर्तव्य हुनेछ ।

**१८. मुद्दा हेर्ने अधिकारी :**यस ऐन बमोजिम मुद्दामा सुरु कारबाही र किनारा गर्ने अधिकार स्थानीय न्यायिक समितिलाई हुनेछ ।

**१९. पुनरावेदन :** यस ऐन बमोजिम स्थानीय न्यायिक समितिले गरेको निर्णय उपर जिल्ला अदालत समक्ष पुनरावेदन लाग्नेछ ।

**२०. नियम वनाउने अधिकार:** यस ऐनको उद्देश्य कार्यान्वयन गराउन गाउँपालिकाले नियम वनाउन सक्नेछ ।

**२१. निर्देशिका तथा कार्यविधि बनाउन सक्ने :** यस ऐनको कार्यान्वयनको लागि गाउँपालिकाले मदिरा व्यवस्थापन तथा नियन्त्रयका लागि निर्देशिका, कार्यविधि तथा मापदण्ड बनाई गाउँ कार्यपालिकावाट स्वीकृत गरी लागु गर्न सक्नेछ ।

**२२. वाधा अडकाउ हटाउने अधिकार:** यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कुनै वाधा अडकाउ परेमा गाउँपालिकाले त्यस्तो वाधा अडकाउ हटाउन ओदेश जारी गर्न सक्नेछ, त्यस्तो आदेश यसै ऐनमा परे सरह हुनेछ ।

**२३. बचाउ :** (१) यो ऐन लागु हुनु भन्दा अघि मदिरा व्यवस्थापन तथा नियन्त्रण सम्वन्धमा यस गाउँपालिकावाट भए गरेका कामहरू यसै ऐन बमोजिम भए सरह मानिनेछ ।

(२) यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियममा लेखिएजति कुरामा सोही बमोजिम र नलेखिएको कुरामा प्रचलित नेपाल कानून बमेजिम हुनेछ ।

## *अनुसूची १*

*दफा ७ को उपदफा १ खण्ड (च) संग सम्वन्धित*

# चिङ्गाड गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
# अवलचिङ्ग, सुर्खेत

## <u>मदिरा उपभोगकर्ताको व्यक्तिगत विवरण</u>

१. नाम, थर:

२. ठेगाना: प्रदेश......... जिल्ला....... स्थानीय तह.......... वडा नं..... टोल:....

३. जन्म मिति:

४. नागरिकता नम्बर/जिल्ला:

५. लिङ्ग:

६. बाबुको नाम, थर:

७. बाजेको नाम, थर:

८. व्यक्तिगत विवरण दिनेकोदस्तखत:

९. व्यक्तिगत विवरण प्रमाणित गर्नेको

नाम, थर:

पद:

हस्ताक्षर:

मिति:

नोट : मदिरा उपभोगकर्ताले एक पटकमा १८० मिलिलिटर भन्दा बढी उपभोग गर्न पाइनेछैन

........................

गाउँपालिका अध्यक्ष

बोधविक्रम जि.सी.